नेपाली राजदूतावास
Embassy of Nepal
Bangkok, Thailand

# सूचना

नेपालीहरूलाई आकर्षक तलब सुविधा उपलब्ध गराउने भनी सामाजिक सञ्जालमा प्रचारप्रसार गरी विभिन्न कम्पनी, क्यासीनो तथा Digital Marketing को क्षेत्रमा काम लगाउने प्रलोभनमा पारी **थाईल्याण्ड हुँदै म्यानमार, कम्बोडिया र लाओसमा** नेपालीहरूलाई पर्यटक भिसामा लैजाने र अनाधिकृत रूपमा गैरकानूनी कार्यमा लगाउने तथा बन्धक बनाउने गरेको पाईएको छ।

वैदेशिक रोजगारको प्रलोभन देखाई नेपालीहरूलाई पर्यटक भिसामा **थाईल्याण्डमा** ल्याउने र कामदार भिसा उपलब्ध गराउने तथा अन्य मुलुकमा रोजगार उपलब्ध गराउने लगायतका विभिन्न बाहानामा **म्यानमार, कम्बोडिया र लाओस** पुऱ्याई बन्धक बनाई गैरकानूनी कार्यमा संलग्न गराउने पाईएकोले थाइल्याण्ड, कम्बोडिया तथा लाओसमा पर्यटक भिसामा आउनेहरूले कुनै पनि बाहानामा काम गर्न नपाउने र यी मुलुकहरूमा नेपालीहरूलाई बैदेशिक रोजगार समेत खुला नभएको सन्दर्भमा यी मुलुकहरूमा रोजगारीमा लगाईदिने वा अन्य रोगजार उपलब्ध गराउने बाहानामा वा प्रलोभनमा पारी नेपलीहरूलाई ल्याउने कुनै किसिमको कार्य गर्नु/गराउनु कानून बमोजिम दण्डनीय हुने भएकोले यस तर्फ सचेत रहन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

अत: नेपाली नागरिकहरूले रोजगारीका लागि पर्यटक/भिजिट भिसामा यात्रा नगर्नु हुन र कसैले विभिन्न बाहानामा रोजगारको अवसर उपलब्ध गराउने भनी दिएको आश्वासनमा भर नपरी सम्बन्धित राजदूतावास तथा सरकारी निकायहरूबाट ततः सम्बन्धमा पूर्व जानकारी लिनुहुन समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

नेपाली राजदूतावास, बैङ्कक
Email: eonbangkok@mofa.gov.np
Cell: +66869915554